नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

०१ – ६६३४१७८
www.cehrd.gov.np

प. स.०७९/०८०
च. न. ४३

मितिः२०७९।०९।१९

**विषयः सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा ।**

**श्री स्थानीय तह सबै ।**

उपरोक्त सम्वन्धमा साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त शिक्षासँग सम्वन्धित कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापनमा सामुदायिक सिकाइ केन्द्रको योगदान स्मरणीय छ । हालको परिवर्तित संरचना अनुरुप सामुदायिक सिकाइ केन्द्रहरुको भूमिका तथा जिम्मेवारीमा पनि परिवर्तन आएको छ । तर कतिपय सामुदायिक सिकाइ केन्द्रहरु प्रभावकारी ढङ्गवाट सञ्चालन हुन नसकेको र स्थानीय तहबाट अनुदान प्राप्त नभएको गुनासो आएको सम्वन्धमा देहाय बमोजिम हुने गरी व्यवस्थापनमा सहजीकरण गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

(क) सामुदायिक सिकाइ केन्द्रहरुलाई आफ्नो सेवा क्षेत्र भित्रका शैक्षिक, साँस्कृतिक, प्राकृतिक, आर्थिक वित्तीय, जनसाङ्खिक विवरणका सूचना तथा तथ्याङ्कहरुको अभिलेख राख्न लगाउने ।

(ख) सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७८ मा उल्लेख भए बमोजिमका कार्यहरु गर्न लगाउने ।

(ग) सामुदायिक सिकाइ केन्द्रको सेवा क्षेत्र भित्र रहेका सामुदायिक पुस्तकालय तथा सूचना केन्द्रहरुलाई सामुदायिक सिकाइ केन्द्रसँगको समन्वयमा व्यवस्थापन हुने व्यवस्था मिलाउने ।

(घ) हाल सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुबाट नै व्यवस्थापन हुने गरी सेवाक्षेत्र विस्तार गरी काममा लगाउने ।

(ङ) हाल निष्क्रिय रुपमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको व्यवस्थापन समिति विघटन गरी अर्को व्यवस्थापन समिति गठन गर्न लगाई सक्रिय रुपमा सञ्चालन हुने व्यवस्था मिलाउने ।

(च) उत्कृष्ट कार्यसम्पादन भएका सामुदायिक सिकाइ केन्द्रहरुलाई नमुना सामुदायिक सिकाइ केन्द्रको रुपमा विकास गर्ने र सो को जानकारी शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने व्यवस्था मिलाउने ।

(छ) यस वर्षबाट सामुदायिक सिकाइ केन्द्रहरुले NFE EMIS को प्रयोग गरी केन्द्रमा सञ्चालन भएका कार्यक्रमहरुको प्रगति online reporting बाट गर्ने व्यवस्था गरिएको र आगामी वर्षबाट सामुदायिक

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानवस्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

०१ – ६६३४१७८
www.cehrd.gov.np

प. स.०७९/०८०
च. न. ४३

सिकाइ केन्द्रको अनुदान Reporting भएका सामुदायिक सिकाइ केन्द्रहरुलाई मात्र दिइने भएको हुँदा सो को बारेमा जानकारी गराउने ।

(ज) धेरै जसो सामुदायिक सिकाइ केन्द्रका परिचालकहरु विद्यालयमा कार्यरत रहेको भन्ने गुनासो आएको हुँदा सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुलाई वडा कार्यालयको समन्वयमा रहने गरी कामकाजमा लगाउने व्यवस्था मिलाउने।

(झ) बर्षको एक पटक अनिवार्य रुपमा सामुदायिक सिकाइ केन्द्रको साधारण सभा गर्न लगाउने ।

(ञ) नियमित रुपमा सामुदायिक सिकाइ केन्द्रका पदाधिकारिहरुको बैठक सञ्चालन गरी नवप्रवर्तनात्मक कार्यक्रमहरु सञ्चालन गर्न लगाउने ।

(ट) परिचालक नियुक्ति नभएका सामुदायिक सिकाइ केन्द्रहरुमा स्थानीय तहले आवश्यक मापदण्ड तयार गरी अबिलम्व परिचालक नियुक्तिको व्यवस्था गर्ने ।

(ठ) सामुदायिक सिकाइ केन्द्र एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्नुपर्ने अवस्था आएमा व्यवस्थापन समितिको र सम्वन्धित वडाको सिफारिसमा स्थानान्तरणको व्यवस्था मिलाई सो को जानकारी यस केन्द्रलाई समेत दिने ।

(ड) साक्षर स्थानीय तह घोषणा हुन बाँकी रहेका स्थानीय तहमा सामुदायिक सिकाइ केन्द्र परिचालन गरी साक्षर घोषणाको व्यवस्था मिलाउने ।

(ढ) स्थानीय तहको वडा कार्यालय मार्फत सामुदायिक सिकाइ केन्द्रको नियमित अनुगमन तथा समन्वयको व्यवस्था मिलाउने ।

(ण) सामुदायिक सिकाइ केन्द्रलाई आजिवन सिकाइ थलो (Life Long Learning Hub) को रुपमा विकास गर्न आवश्यक समन्वय, सहकार्य र सहजीकरणको वातावरण मिलाउने ।

**बोधार्थः**

**श्री शिक्षा विकास तथा समन्वय इकाई सबैः** जिल्लास्तरमा समेत सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुको बैठक सञ्चालन गर्नुहुन तथा उपरोक्त बमोजिमका कार्यहरुमा आवश्यक समन्वय र सहजीकरण गर्नुहुन ।

निलकण्ठ ढकाल
निर्देशक